समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, संखुवासभा, १ नं. प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मितिः २०७९/०४/०२ बैठक संख्याः १०

बैठक प्रारम्भ समयः विहानको ८:३० बजे बैठक समापन समयः बजे

**आजको नगरकार्यपालिकाको बैठकको कार्यसूचीका आधारमा देहाय अनुसार निर्णयहरु सर्वसम्मत रुपमा पारित गरेको छ ।**

**निर्णयहरु**

१. सभाखोला र अरुण नदीबाट आ.ब. ०७९/८० र ०८०/०८१ मा उत्खनन् गर्न सकिने ढुङ्गा, गिट्टी, बालुवा, रोडा, ग्राभेल तथा माटोको उत्खनन्, संकलन तथा विक्री वितरणको लागि तयार गरिएको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन यस बैठकमा पेश भए बमोजिम स्वीकृत गर्ने ।

२. स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन अनुसार सभाखोला र अरुण नदीबाट आ.ब. ०७९/८० मा उत्खनन् गर्न सकिने ढुङ्गा, गिट्टी, बालुवा, रोडा, ग्राभेल तथा माटोको उत्खनन्, संकलन तथा विक्री वितरणको लागि प्रतिवेदनमा दैनिक २१८.०८ घ.मी. सामग्री उत्खनन् गर्न सकिने भन्ने उल्लेख भएपनि विगतमा यस सम्बन्धी ठेक्का व्यवस्था गरेको रकम र परिमाण तथा वातावरणीय जोखिम र संरक्षण समेतलाई मध्येनजर गरी चालु आ.ब. मा प्रति दिन ११३.५० घ.मी. उत्खनन् गर्ने गरी सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

३. भू उपयोग ऐन, २०७६ को दफा १८ को उपदफा (२) बमोजिम खाँदबारी नगर कार्यपालिकाले स्थानीय भू उपयोग परिषदको जिम्मेवारी ग्रहण गर्ने ।

४. भू उपयोग ऐन, २०७६ को दफा २० को उपदफा (१) को खण्ड (घ) बमोजिम हरिश्वर थापामगर, नरेन्द्र राई, सुनिता कार्की र निर्मला तामाङ बस्नेतलाई सदस्यको रुपमा तोक्ने निर्णय गरियो ।

५. जग्गा वर्गिकरणका लागि सम्बन्धित जग्गाधनीहरुले स्वयं घोषणा गर्ने प्रयोजनको लागि तयार गरिएको फाराम सुझाव सहित पारित गर्ने ।

६. ल्याण्डफिल साइट व्यवस्थापनको लागि चालु आर्थिक बर्षमा प्राप्त रकम रु. १ करोड ५० लाख रकम मध्येबाट सक्सन मेसिन थान- १ (एक) का लागि लाग्ने रकमले उक्त मेसिन खरिद गरी बाँकी रकमबाट ल्याण्डफिल साइट व्यवस्थापनको कार्य गर्ने निर्णय गरियो ।

७. यस नगर कार्यपालिका कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था नगरपालिका अन्तर्गतका अन्य सबै निकायहरुमा करार सेवामा कार्यरत कर्मचारीहरुको करार अबधि ३ (तीन) महिना थप गर्ने निर्णय गरियो ।

८. गरिबसंग विश्वेश्वर कार्यक्रममा सामाजिक परिचालक पदमा कार्यरत रहेका नारायण कटुवालले वडा नं. ९ को कार्यालयमा रही कार्यालयको काममा समेत सहयोग पुर्याएको हुँदा निजले हाल खाइपाई आएको रकममा मासिक रु.२,०००। थप गर्ने निर्णय गरियो ।

समृद्ध खाँदबारी नगर

# खाँदबारी नगरपालिका

खाँदबारी, संखुवासभा, १ नं. प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

**बैठक मिति:** २०७९/०४/०२ **बैठक संख्या:** १०

**बैठक प्रारम्भ समय:** विहानको ८:३० बजे **बैठक समापन समय:** बजे

९. यस याममा बर्षा तथा बढीले विभिन्न सिंचाई कुलोहरु भत्काउन सक्ने, सडकहरु भत्काउन सक्ने र पहिरो जान सक्ने सम्भावना समेत देखिएकोले सो रोकथामको लागि आवश्यक पाइप, तारजाली र ह्युम पाइपहरु विपद् व्यवस्थापन कोषमा भएको रकमबाट बजेट उपलब्धताको आधारमा खरिद गर्ने निर्णय गरियो ।

१०. बजेट उपलब्धताका आधारमा नगरपालिकाका मुख्य-मुख्य सडकहरु बर्षाका कारण संचालनमा आउन नसक्ने अवस्थामा मर्मत सम्भार कोषमा रहेको रकमबाट सडकहरु मर्मत गर्ने निर्णय गरियो ।

११. खानेपानी व्यवस्थापन र खानेपानी उपभोक्ता समितिहरुको एकिकरण तथा संचालनको लागि अध्ययन गरी १५ दिनभित्र प्रतिवेदन पेश गर्ने निम्न समितिलाई जिम्मेवारी प्रदान गर्ने ।

क) विनोद सुब्बा गुरुङ

ख) नरेन्द्र राई

ग) चुडामणी दाहाल

१२. यस खाँदबारी नगरपालिका वडा नं. ९ स्थित घाटलाई "अरुण बरुण मनाकामना मोक्ष घाट" नामाकरण गरी संचालनमा ल्याउने र आवश्यक बजेट व्यवस्था गरी निर्माण कार्य अगाडि बढाउने निर्णय गरियो ।

१३. नगर क्षेत्रको फोहोरमैला व्यवस्थापनका लागि नगरपालिकासंग साझेदारी गर्न चाहने व्यक्ति, फर्म तथा कम्पनीहरुलाई प्रस्ताव पेश गर्न १५ दिनको म्याद दिई सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

१४. खाँदबारी नगरपालिका वडा नं. १ टुडिखेलमा रहेको आयमूलक भवनलाई कृषि उपजको विक्री वितरणको लागि मात्र प्रयोगमा ल्याउने निर्णय गरियो ।

१५. किसान आयोग र पर्यटन समिति गठन गर्नको लागि आवश्यक कार्यविधिको मस्यौदा तयार गर्ने ।

१६. यस बैठकमा पेश गरिएको नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणालीलाई स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**आगामी बैठक आवश्यकतानुसार बस्ने गरी आजको बैठक अन्त्य गरियो ।**